# जैमिनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ

गण्डकी, प्रदेश नेपाल

प.स.०७९/०८०(प्रशासन)
च.न.

मिति :- २०७९।९।२४

*सूचना प्रकाशित मिति २०७९।९।२४*

**विषय : गण्डकी प्रदेश स्थानीय सेवा(गठन तथा संचालन) अध्यादेश २०७९, बमोजिम तह कायम, तह बृद्धि र स्तर बृद्धि गर्ने सम्बन्धी सूचना ।**

गण्डकी प्रदेश स्थानीय सेवा(गठन तथा संचालन) अध्यादेश २०७९, तथा मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय गण्डकी प्रदेशको च.नं.४७५ मिति २०७९।६।२५ को पत्र जैमिनी नगर कार्यपालिकाको मिति २०७९।९।२१ को वैठकको निर्णय अनुसार **गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) अध्यादेश २०७९, दफा ९ बमोजिम तह कायम, दफा २८ बमोजिम तह बृद्धि, र दफा ४० बमोजिम स्तर बृद्धि गर्ने** तथा स्तर कायम हुने एकतह मुनीको पदमा अध्यादेश अनुसार तोकिए बमोजिमका मापदण्ड एवं न्यूनतम सेवा अवधि, आवश्यक न्यूनतम शैक्षिक योग्यता पुरा भएका र तोकिए बमोजिमको कार्यसम्पादन मुल्याङ्कन अङ्क प्राप्त गरेका कर्मचारीलाई सम्बन्धित सेवा समूह वा उपसमूह भित्रको पदमा तह कायम, तहबृद्धि एवं स्तर बृद्धि कायम गर्ने सम्बन्धी प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ । गण्डकी प्रदेश स्थानीय सेवा(गठन तथा संचालन) अध्यादेश २०७९, को दफा ९, २८ र ४० बमोजिमको योग्यता र अवधि पुरा गरेका तथा नकारात्मक सूचिमा नपरेका तह बृद्धि हुने भन्दा एक तह मुनीको सम्बन्धित सेवा, समूह र उपसमूहको पदमा कार्यरत स्थानीय सेवाका ईच्छुक स्थायी कर्मचारीहरुले जैमिनी नगर कार्यपालिकाको कार्यालय, कुस्मीसेरा, बागलुङको वेभसाईट https://jaiminimun.gov.np मा रहेको तह बृद्धिको आवेदन फारममा उल्लेखित विवरणहरु खुलाई नेपाली कागजमा प्रिन्ट गरी २ प्रतिका दरले मिति २०७९।९।३० गते सम्ममा कार्यालय प्रमुख वा निजले तोकेको कम्तिमा नवौ तहको अधिकृत कर्मचारीबाट प्रमाणित गराई जैमिनी नगर कार्यपालिकाको प्रशासन शाखामा बुझाउनु हुन यो ७ दिने सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएको अपुरो विवरण भरी पेश भएको र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदन माथि कारवाही नगरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

# जैमिनी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कुश्मीसेरा, बागलुङ

गण्डकी, प्रदेश नेपाल

प.स.०७९/०८०(प्रशासन)
च.न.

मिति :- २०७९।९।२४

---

*संलग्न गराउनुपर्ने आवश्यक कागजातहरु*

१. स्वास्थ्य सेवा वाहेकका अधिकृतस्तर छैटौं, आठौ र दशौको पदमा तह बृद्धिको लागि क्रमशः सहायक स्तर पांचौ, अधिकृत स्तर सातौं र अधिकृत नवौं तहको पदमा पछिल्लो पाँच वर्षको कार्य सम्पादन मुल्याङ्कन ।

२. सेवा अवधिको गणना गर्दा समायोजन हुनुपूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्य गरेको अवधि जेष्ठता कायम हुने मिति खुल्ने कागजातहरु ।

३. गण्डकी प्रदेश स्थानीय सेवा(गठन तथा संचालन) अध्यादेश २०७९, को दफा ९, २८ र ४० बमोजिम तोकिएका आवश्यक कागजातहरु ।

४. आवेदन फारामका साथ शुरु स्थायी नियुक्ति पत्रको प्रतिलिपि, तहबृद्धि हुने पद भन्दा एकतह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्ति पत्रको प्रतिलिपि, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु, कर्मचारी समायोजन २०७५ बमोजिम यस कार्यालयमा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपि २/२ प्रति र गण्डकी प्रदेश स्थानीय सेवा(गठन तथा संचालन) अध्यादेश २०७९, वमोजिम नकारात्मक सूचीमा नपरेको भनी उम्मेदवार स्वयंले स्वघोषणा गरी पेश गर्नुपर्नेछ ।

चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत